आज मिति २०७९/०८/०९ गते शुक्रबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर गुरुङज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्तावहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिति:

| क्र.सं. | दस्तखत | नाम | पद |
|---|---|---|---|
| १. | | श्री दान बहादुर गुरुङ | गाउँपालिका अध्यक्ष |
| २. | | श्री माया सिलवाल | गाउँपालिका उपाध्यक्ष |
| ३. | | श्री सन्त बहादुर मगर | वडा नं.१ वडा अध्यक्ष |
| ४. | | श्री पञ्च बहादुर प्रजा | वडा नं.२ वडा अध्यक्ष |
| ५. | | श्री नर बहादुर नेपाल | गा पा प्रवक्ता एवम् वडा नं.३ वडा अध्यक्ष |
| ६. | | श्री रुद्र प्रसाद उप्रेती | वडा नं.४ वडा अध्यक्ष |
| ७. | | श्री तेज बहादुर शेरचन | वडा नं.५ वडा अध्यक्ष |
| ८. | | श्री लक्ष्मण प्रजा | वडा नं.६ वडा अध्यक्ष |
| ९. | | श्री बम बहादुर थापा मगर | वडा नं.७ वडा अध्यक्ष |
| १०. | | श्री अन्जु चेपाङ | कार्यपालिका सदस्य |
| ११. | पार्वती | श्री पार्वती गुरुङ | कार्यपालिका सदस्य |
| १२. | टेकमाया | श्री टेक माया गुरुङ | कार्यपालिका सदस्य |
| १३. | परिमाया | श्री परिमाया कामी | कार्यपालिका सदस्य |
| १४. | | श्री राजकुमार चेपाङ | कार्यपालिका सदस्य |
| १५. | | श्री शंख बहादुर चेपाङ | कार्यपालिका सदस्य |
| १६. | | श्री जगत प्रसाद भुसाल | सदस्य-सचिब |

अन्य उपस्थिति:

१. बासु पण्डित, प्रशासन शाखा प्रमुख

## कार्यपालिकाको प्रस्ताब पेश कार्यसूची

बैठक संख्या: १२
अध्यक्षता: श्री दान बहादुर गुरुङ
बैठक मिति: २०७९।०८।०९
बैठक स्थान: इच्छाकामना गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार ।
बैठक समय: विहान ११ बजे

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| २०७९।०८।०९ | ११:०० | त्रिवेणी युवा क्लबलाई रकम भुक्तानि दिने सम्वन्धमा। | शिक्षा शाखा | |
| २०७९।०७।०९ | ११:०५ | भुक्तानी दिने सम्बन्धमा। | शिक्षा शाखा | |
| २०७९।०८।०९ | ११:१० | म्याद थप सम्बन्धमा। | योजना शाखा | |
| २०७९।०८।०९ | ११:१५ | झो. पु. को Detail project report(DPR) स्वीकृत सम्बन्धमा। | योजना शाखा | |
| २०७९।०८।०९ | ११:२० | भु-उपयोग वर्गिकरण तथा कित्ताकाट सम्बन्धमा। | नापी शाखा | |
| २०७९।०८।०९ | ११:२५ | ट्रमा सेन्टर संचालन तथा ब्यवस्थापन खर्च भुक्तानी सम्वन्धमा। | स्वास्थ्य शाखा | |
| २०७९।०८।०९ | ११:३० | गाउँकार्यपालिकाको क्षेत्रधिकार भित्र रही कार्यविधिहरु पारित गर्ने सम्बन्धमा। | प्रशासन शाखा | |
| २०७९।०८।०९ | ११:३५ | IEE प्रतिवेदनको TOR स्वीकृति गर्ने सम्बन्धमा। | भौतिक तथा पूर्वाधार शाखा | |
| २०७९।०८।०९ | ११:४० | जनप्रतिनिधिहरुको बिमा गर्ने सम्बन्धमा। | प्रशासन शाखा | |
| २०७९।०८।०९ | ११:४५ | निकासी सम्वन्धमा। | योजना शाखा | |
| २०७९।०८।०९ | ११:५० | निकासी सम्वन्धी निर्णय अनुमोदन सम्वन्धमा। | योजना शाखा | |

**पूर्व बैठकको समीक्षा**

मिति २०७९।०७।१८ मा बसेको कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो। कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाइयो।

**कार्यपालिका बैठकको निर्णयहरुः**

१. इच्छाकामना गाउँपालिकाको वडा नं. ५ अन्तर्गत गठित त्रिवेणी युवा क्लवले पेश गरेको विल तथा भर्पाईका आधारमा यस गाउँपालिकाको आर्थिक बर्ष २०७९।८० मा विनियोजन भएको खेलकुद शिर्षकबाट त्रिवेणी युवा क्लवलाई रु. ६५०००।-(अक्षेरेपि पैंसठ्ठी हजार मात्र) भुक्तानी दिने ।

२. इच्छाकामना गाउँपालिकाको वडा नं. ५ अन्तर्गत गठित श्री इच्छाकामना सिद्धबाबा क्षेत्र संरक्षण समितिले पेश गरेको विल तथा भर्पाईका आधारमा यस गाउँपालिकाको आर्थिक वर्ष २०७९।८० मा विनियोजन भएको भाषा, साहित्य, कला र संस्कृति प्रवर्धन शिर्षकको बजेटबाट रु. १,००,०००।- (अक्षरेपि एक लाख मात्र ) श्री इच्छाकामना सिद्धबाबा क्षेत्र संरक्षण समितिको खातामा भुक्तानी दिने ।

३. इच्छाकामना गाउँपालिका वडा नं. २ मा सञ्चालित ठेक्का नं. NCB/IRM/24/078/79 "Mayatar Swasthye Chauki Bhawan" Arbindra Construction सँग म्याद थप गरी निर्माण प्रकृया तत्काल अगाडी बढाउने ।

४. इच्छाकामना गाउँपालिका वडा नं. ७ मा सिमलढाप झो. पु. निर्माण कार्यको लागि पेश भएको DPR स्वीकृत गरी निर्माण प्रकृया तत्काल अगाडी बढाउने ।

५. भु- उपयोग क्षेत्र वर्गिकरण प्रयोजनार्थ दारेचोक ३ (ज१) कित्ता नं. ५,३(ण१) कित्ता नं. २, साविक चण्डिभञ्ज्याङ २(ख) कित्ता नं. ४६ र चण्डिभञ्ज्याङ ३(ख) कित्ता नं. १३६ लाई कृषि क्षेत्रमा वर्गिकरण गर्ने गरी र दारेचोक ३(ख) कित्ता नं. ८, साविक जुटपानी ९(ग) कित्ता नं. २६२ साविक कविलास ३(ख) कित्ता नं. १२७,९७ लाई आवासीय क्षेत्रमा वर्गिकरण गर्नेगरी कित्ताकाट गर्नको लागि मालपोत कार्यालय चितवनलाई सिफारिस गर्ने ।

६. इच्छाकामना गाउँपालिका वडा नं. ४ कुरिनटार स्थित सशस्त्र प्रहरी बल विपद् व्यवस्थापन शिक्षालयको हाता भित्र रहेको ट्रमा सेन्टर सञ्चालन तथा व्यवस्थापनका लागि आर्थिक बर्ष २०७९।८० मा स्वास्थ्य तर्फ विपन्न तथा आकस्मिक सेवा उपलब्ध गराउने स्वास्थ्य संस्था अनुदान शिर्षकमा विनियोजन भएको रकम मध्येबाट रु. २,५०,०००।- (अक्षेरपि दुई लाख पचास हजार मात्र) अनुदान रकम उपलब्ध गराउने ।

७. सुशासन तथा संस्थागत विकास समितिका संयोजक श्री पञ्च बहादुर प्रजाले पेश गर्नु भएको तपसिलमा उल्लेख भएबमोजिमका कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो ।

<u>तपसिलः</u>

- इच्छाकामना गाउँपालिका मेलमिलाप केन्द्र सञ्चालन सम्बन्धी कार्यविधि, २०७९
- "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७९
- इच्छाकामना गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७९

८. इच्छाकामना गाउँपालिका संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, २०७७ को दफा ४ अन्तर्गतको अनुसूची-४ बमोजिम SANJU JOHN CONSTRUCTION AND SUPPLIERS PVT. LTD. ले पेश गरेको TOR स्वीकृत गर्ने।

९. विमा कम्पनीसंग सम्झौता गरी जनप्रतिनिधिहरु पदमा बहाल रहेसम्म गाउँपालिकाको कार्यालयको तर्फ बाट प्रिमियम रकम बुझाउने, पदबाट अलग भएपश्चात बाँकी अवधिको लागि सम्बन्धित जनप्रतिनिधि स्वयंले प्रिमियम रकम तिर्ने र प्रति व्यक्ति बार्षिक रु. १०,०००।- (अक्षरेपि दश हजार मात्र) मा नबढ्ने गरी प्रिमियम बुझाउने गरी गाउँपालिकाका निर्वाचित जनप्रतिनिधिहरुको १० बर्षे जिवन विमा गर्ने।

१०. निवेदक जग्गाधनी समिरराज श्रेष्ठले घडेरी बनाई उक्त घडेरीबाट निस्किने ढुङ्गा, माटो, निकासी चित्रराज कन्सट्रक्सन मार्फत ढुङ्गा, माटो निकासीको लागि अनुमति प्रदान गर्ने।

११. रिग्दी खोला शिखर गाउँ गौरी खोला दाहाखानी सडक स्तरउन्नति र भालुढुङ्गा देखि कुयलघारी खानीगाउँ सडक स्तरउन्नति गर्दा उत्खनन् हुने सामाग्री सम्बन्धमा क्रमशः मिति २०७९।०७।२९ गतेको र मिति २०७९।०७।२४ को गाउँपालिका अध्यक्षस्तरीय निर्णय अनुमोदन गर्ने।